नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**केन्द्रीय पञ्जीकरण विभाग**
बबरमहल, काठमाण्डौ

फोन नः- ०१-४२३३८७९
फ्याक्सः- ०१-४२५८२४०

प.स.२०७३/७४
च.न. १०९६

मिति २०७४।०२।०३

विषयः- निर्देशन सम्बन्धमा ।

श्री महानगरपालिका कार्यालय सबै,
श्री उपमहानगरपालिका कार्यालय सबै ,
श्री नगरपालिका कार्यालय सबै,
श्री गाउँपालिका कार्यालय सबै ।

प्रस्तुत सन्दर्भमा नेपाल सरकार (सचिवस्तर) को मिति २०६८/०२/२४ को साविकको व्यवस्था वर्तमान परिप्रेक्ष्यमा अनुकूल नभएकोले स्थानीय तहहरु (गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) बाट जारी भएका व्यक्तिगत घटना दर्ता प्रमाणपत्र, नाता प्रमाणित तथा अन्य कागजातहरुमा कन्सुलर प्रमाणीकरण र आधिकारिकता प्रमाणीकरण सम्बन्धमा नेपाल सरकार (सचिवस्तर) को मिति २०७४/०१/२४ को निर्णयानुसार देहाय वमोजिमको निर्देशन कार्यान्वयन गर्न गराउनु हुन अनुरोध छ ।

**देहाय :-**

**१. कन्सुलर प्रमाणीकरण सम्बन्धमा :-**

(क) गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको केन्द्र वा वडाको स्थानीय पन्जिकाधिकारीबाट जारी व्यक्तिगत घटना दर्ताको प्रमाण पत्र तथा नाता प्रमाणित लगायत अन्य कागजातहरुमा सम्बन्धित गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको कार्यकारी अधिकृत वा पंजीकरण शाखा हेर्ने अधिकृत स्तरको शाखा प्रमुख वा कार्यकारी अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारीले प्रमाणित गरी आएका प्रमाणपत्रहरुमा कन्सुलर सेवा विभागले कन्सुलर प्रमाणीकरण गर्ने ।

(ख) प्रमाणीकरणलाई विश्वासिलो र सहज बनाउन कन्सुलर सेवा विभागलाई गाउँपालिका,नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकाका कन्सुलर प्रमाणीकरण गर्ने अधिकृत कर्मचारी (प्रमाणीकरणको अधिकार भएका) को दस्तखत नमुना कन्सुलर सेवा विभागमा पठाउनु पर्ने ।

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**केन्द्रीय पञ्जीकरण विभाग**
बबरमहल, काठमाण्डौ

फोन नः- ०१-४२३३८७९
फ्याक्सः- ०१-४२५८२४०

**२. आधिकारिकता प्रमाणीकरणको सम्बन्धमा :-**

(क) घटना दर्ता प्रमाण पत्र तथा अन्य कागजातको आधिकारिकता प्रमाणीकरणको लागि सम्बन्धित वैदेशिक नियोगका कार्यलयबाट सिधै नेपाल स्थित कन्सुलर सेवा विभागलाई लेख्ने ।

(ख) कन्सुलर सेवा विभागले सम्बन्धित स्थानीय तह (गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) लाई प्राप्त घटना दर्ताको प्रमाण पत्र तथा अन्य कागजात आधिकारिकता भएको वा नभएको बारे लेख्ने ।

(ग) कन्सुलर सेवा विभागबाट गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकामा आधिकारिकता प्रमाणीकरणको लागि पत्र प्राप्त भएमा दर्ता किताबमा भिडाई आधिकारिक भए नभएको यकिन गर्ने ।

(घ) आधिकारिकता प्रमाणीकरणको लागि प्राप्त पत्र तथा अन्य कागजात आधिकारिक ठहरिएको वा आधिकारिक नठहरिएको के हो सो सम्बन्धमा कन्सुलर सेवा विभागलाई लेखि पठाउने । सोको जिम्मेवारी सम्बन्धित गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको कार्यकारी अधिकृतिलाई दिने र कार्यकारी अधिकृतले आवश्यक देखेमा सो को जिम्मेवारी पंजीकरण शाखा हेर्ने अधिकृत स्तरको शाखा प्रमुख वा कार्यकारी अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारीलाई दिन सकिने ।

(ङ) कन्सुलर सेवा विभागले गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका बाट प्राप्त जवाफ अनुसार सम्बन्धित वैदेशिक नियोगका कार्यालयलाई लेखि पठाउने ।

२०६७/४/३

अनिल कुमार ठाकुर
(महानिर्देशक)

**वोधार्थ तथा कार्याथ :-**

श्री कन्सुलर सेवा विभाग,त्रिपुरेश्वर ,काठमाण्डौ
श्री जिल्ला समन्वय समितिको कार्यालय सबै